## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बैठक संख्या : २३

आज मिति २०७५ साल जेठ १७ गतेका दिन यस तिलोत्तमा नगरपालिकामा नगर प्रमुख श्री वासुदेव घिमिरेको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपशील बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.सं. | पदाधिकारीहरुको नाम थर | पद | उपस्थिति |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री वासुदेव घिमिरे | नगर कार्यपालिका अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री जगेश्वर देवी चौधरी | नगर कार्यपालिका सदस्य | |
| ३. | श्री सुरेन्द्र श्री विश्वकर्मा | नगर कार्यपालिका सदस्य,प्रवक्ता | |
| ४. | श्री तामानाथ पाण्डेय | नगर कार्यपालिका सदस्य | |
| ५. | श्री दधिराम गौतम | नगर कार्यपालिका सदस्य | |
| ६. | श्री टंक प्रसाद तिवारी | नगर कार्यपालिका सदस्य | |
| ७. | श्री दिवाकर ढकाल | नगर कार्यपालिका सदस्य | |
| ८. | श्री चेत नारायण भण्डारी | नगर कार्यपालिका सदस्य | |
| ९. | श्री सुखदेव न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| १०. | श्री दुर्गाप्रसाद पाण्डे | नगर कार्यपालिका सदस्य | |
| ११. | श्री कृष्णप्रसाद पौडेल | नगर कार्यपालिका सदस्य | |
| १२. | श्री नारायण न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| १३. | श्री व्यास मुनी थारु | नगर कार्यपालिका सदस्य | |
| १४. | श्री मुक्तिनारायण चौधरी थारु | नगर कार्यपालिका सदस्य | |
| १५. | श्री सहदेव थारु | नगर कार्यपालिका सदस्य | |
| १६. | श्री गणेश न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| १७. | श्री सोहन प्रसाद थारु | नगर कार्यपालिका सदस्य | |
| १८. | श्री खेमराज गुरुङ | नगर कार्यपालिका सदस्य | |
| १९. | श्री झविलाल भुसाल | नगर कार्यपालिका सदस्य | |
| २०. | श्री ब्राम्ह बहादुर चौधरी | नगर कार्यपालिका सदस्य | |
| २१. | श्री गिता कुमारी सापकोटा | नगर कार्यपालिका सदस्य | |
| २२. | श्री गायत्री पाण्डे | नगर कार्यपालिका सदस्य | |
| २३.. | श्री संगिता गुरुङ | नगर कार्यपालिका सदस्य | |
| २४. | श्री राधा शाही | नगर कार्यपालिका सदस्य | |
| २५. | श्री मिरा कुमारी वि.क. | नगर कार्यपालिका सदस्य | |
| २६. | श्री लक्ष्मण नेपाली | नगर कार्यपालिका सदस्य | |
| २७. | श्री हर्क बहादुर सार्की रम्तेल | नगर कार्यपालिका सदस्य | |
| २८. | श्री कृष्णप्रसाद सापकोटा | नगर कार्यपालिका सचिव | |

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वैठक संख्या :२३

**प्रस्तावहरु**

१. नगर प्रहरी र अन्य कर्मचारी भर्ना सम्बन्धमा ।
२. रेडक्रसको सदस्यता सम्बन्धमा ।
३. ट्राफिक आईल्याण्ड र सोलार जडित सडक बत्ती सम्बन्धमा ।
४. गौशाला व्यवस्थापन सम्बन्धमा ।
५. स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति /उपसमिति गठन सम्बन्धमा ।.
६. शंकरनगर दुर्गादत्त माध्यमिक विद्यालय र शंकरनगर बहुमुखी क्याम्पसको जग्गा सम्वन्धमा ।
७. घरनक्सा सम्बन्धमा ।
८. कार्यविधी अनुमोदन तथा छलफल सम्वन्धमा ।
   - नगर प्रहरी संचालन कार्यविधि सम्बन्धमा ।
   - छाडा पशुचौपाय व्यवस्थापन कार्यविधि सम्वन्धमा।
   - नगर प्रमुख राहतकोष वितरण सम्वन्धी कार्यविधि सम्वन्धमा ।
   - मदिरा व्यवसाय संचालन, मदिरा बिक्री वितरण तथा व्यवस्थापन कार्यविधि सम्वन्धमा ।
   - बाली तथा पशु विमा संरक्षण सम्वन्धी कार्यविधि सम्वन्धमा ।
९. योजना तथा वजेट सम्बन्धमा ।

०७५-०२-२१

निर्णय नं. १

- तिलोत्तमा नगरपालिकाको प्रथम नगरसभाको निर्णयानुसार १० जना नगर प्रहरी भर्ना गर्ने भनिएकोमा हालसम्म पाँच जना करारमा भर्ना गरिएको र बाँकी रिक्त पदमा अर्को व्यवस्था नभएसम्मका लागि प्रचलित कानुनको अधिनमा रहि करारमा भर्ना गर्नको लागि सार्वजनिक विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो। साथै अन्य प्राविधिक कर्मचारीको हकमा कामको चाप र आवश्यकता पहिचान गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. २

- नेपाल रेडक्रस सोसाईटी मणिग्राम उपशाखाको मिति २०७५।१।३० गतेको प्राप्त पत्रानुसार यस तिलोत्तमा नगरपालिकालाई नेपाल रेडक्रस सोसाईटी मणिग्राम उपशाखाको सदस्यता बन्नको लागि अनुरोध गरिएकोमा वार्षिक सदस्यता शुल्क वापत रु. २५,०००। उपलब्ध गराउने गरी संस्थागत सदस्य बन्ने निर्णय गरियो।

निर्णय नं.३

- तिलोत्तमा नगरपालिका क्षेत्रभित्र पर्ने बुटवल वेलहिया व्यापारिक मार्गको (सिक्स लेन) मुख्य-मुख्य चोकहरुमा ट्राफिक आईल्याण्ड र सोलार जडित सडक वत्तीको व्यवस्थापनका सम्बन्धमा आगामी वैठकमा थप छलफल गर्ने निर्णय गरियो।

निर्णय नं ४

- तिलोत्तमा नगरपालिकाको वडा नं. १ र ८ मा पर्ने तिलोत्तमा गौशालाको वैज्ञानिक रुपमा व्यवस्थापन गर्न सरोकारवालाहरुसँग मिति२०७५।२।१८ गते छलफल तथा अन्तरक्रिया गरी उपयुक्त राय, सुझाव लिई उक्त गौशालालाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्ने निर्णय गरियो।

निर्णय नं ५

- यस नगरपालिकाको राजपत्रमा प्रकाशित तिलोत्तमा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को भाग एकको परिच्छेद ३ को कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धी व्यवस्थाको दफा ६ मा उल्लेखित स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिको उपदफा २ बमोजिम तपशीलका सदस्यहरु रहने गरी समिति तथा उपसमितिको गठन गरियो।

**स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति**

१. अध्यक्ष : बासुदेव घिमिरे (नगर प्रमुख)
२. सदस्य : कृष्ण प्रसाद सापकोटा (प्रमुख प्रशाकिय अधिकृत)
३. सदस्य : सोहन प्रसाद थारु
४. सदस्य : (नगर स्तरिय खाद्य सुरक्षा समितको संयोजक)



०७५-०२-२९

५. सदस्य : श्री सूर्य गोत्तम
६. सदस्य : श्री रामेश्वर मण्डल
७. सदस्य सचिव : अब्दुल मोकिम खाँ (कृषि शाखा प्रमुख)

**उपसमिति**

| | | |
|---|---|---|
| १. | लक्ष्मण नेपाली | संयोजक |
| २. | ज्ञान प्रसाद भुर्तेल | सदस्य |
| ३ | आशा चौधरी | सदस्य |
| ४. | पारेश्वर ढकाल | सदस्य |
| ५. | पुष्करनाथ पन्त | सदस्य |
| ६. | टेक प्रसाद अर्याल | सदस्य |
| ७. | कृष्ण पन्थी | सदस्य |

**निर्णय नं .६**

- रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका साविक आनन्दवन ३ङ अन्तर्गतको कित्ता नं. १४० र १४१ को क्षेत्रफल ०-१२-० को जग्गा फिल्डबुक दर्ता किताब अनुसार शंकरनगर दुर्गादत्त माध्यमिक विद्यालयको नाममा रहेको र भोगचलन समेत गर्दै आएको तर जग्गा धनी प्रमाणपत्र प्राप्त नभएको हुंदा जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।
- नापी कार्यालय रुपन्देहीको आन्दवन ३ (ङ) फिल्ड बुक दर्ता किताबमा कि. नं. १३६ को जग्गा ०-७-१२ क्षेत्रफल भएको तत्कालिन शारदा प्राथमिक निशुल्क स्कुलको नाममा रहेको जग्गा हाल शंकरनगर वहुमुखी क्याम्पसले भोगचलन गर्दै आएको र जग्गा धनी प्रमाणपत्र प्राप्त भै नसकेको हुँदा शंकरनगर बहुमुखी क्याम्पस संचालक समिति र शंकरनगर दुर्गादत्त माध्यमिक विद्यालय व्यवस्थापन समितिको संयुक्त बैठकको निर्णयानुसार कित्ता नं. १३६ को जग्गा शंकरनगर बहुमुखी क्याम्पसको नाममा उपलब्ध गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

- घर नक्सा सम्वन्धमा तिलोत्तमा नगरपालिकाको प्राविधिक समितिको मिति २०७५।१।२८ गते बसेको वैठकका निर्णयहरुलाई अनुमोदन गरियो ।

**प्राविधिक समितिको बैठकका निर्णयहरु देहाय बमोजिम रहेका छन् ।-**

- सडक विभागवाट ६ लेनको बाटो विस्तार भएता पनि पुराना घरहरुको हकमा सडक क्षेत्राधिकार (८२) भित्र पर्ने छज्जा सहितको बाहिरी वालको हकमा वाल भत्काएर मात्र घर सम्पन्नको प्रमाणपत्र दिने व्यवस्था गर्न कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।
- नापी नक्सा भन्दा फिल्डमा बढी जग्गा भएको अवस्थामा घर निर्माण गर्दा स्वीकृत भएको नक्सा अनुसार घर सम्पन्नको प्रमाणपत्र दिने , तर उक्त जग्गामा बन्ने घरको सन्दर्भमा ३ फुट भन्दा बढी जग्गा छ भने घरधनीले पछाडिपट्टि झ्याल राख्न पाउने व्यवस्था गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।



०७५-०२-२१

निर्णय नं. ८.

- तिलोत्तमा नगरपालिकाको **"नगर प्रहरी संचालन कार्यविधि २०७५"** र **"छाडा पशुचौपाय व्यवस्थापन कार्यविधि २०७५"** लाई अनुमोदन गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो । साथै, नगर प्रमुख राहतकोष वितरण सम्बन्धी कार्यविधि, मदिरा व्यवसाय संचालन तथा बिक्री वितरण व्यवस्थापन सम्बन्धि निर्देशिका र बाली तथा पशु बिमा संरक्षण सम्बन्धी कार्यविधिका सम्बन्धमा सरोकारवालाहरुबाट राय, सुझाव ग्रहण गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ९

**(क) चालु आ.व.को योजना तथा बजेटका सम्बन्धमा निम्नानुसारका निर्णयहरु गरियो ।**

- वडा नं. ६ सुरक्षापथको कालोपत्रे तथा गुनापथको कल्भर्टको लागि विनियोजित रकम रु.२,२५,०००।-बजेट अपुग भएकाले नगरस्तरीय हाट बजार ग्राभेल व्यवस्थापनको लागि छुट्टाइएको रु.१०,००,०००। मध्ये ६०,०००।- कल्भर्टमा थप गर्न बाँकी रहेको मध्ये रु. २,५०,०००।- हाटबजार व्यवस्थापनको लागि सुन्दर वस्तिमा ग्रेडर लगाउने, रु.३,००,०००।- को वडा नं.३ को अधिकारी पथमा ग्राभेल गर्ने र रु.९४,०००।- को श्रृङगेश्वर धाममा कल्भर्ट निर्माणको लागि विनियोजित गर्ने ।
- वडा नं. १७ ठटरिया नाली निर्माणमा रु.२,५०,०००।-विनियोजित भएकोमा उक्त स्थानमा रिङ्ग रोड पर्ने भएको हुँदा उक्त रकमबाट ठटरिया सडकको स्तरोन्नतीका लागि ह्युम पाईप खरिद गर्ने ।
- वडा नं. ३ सिमानगर सडक विस्तारमा विनियोजित रकम रु.२,००,०००।- र मिलन केन्द्रको भवन निर्माणमा विनियोजित रमक रु.३,००,०००।- गरि जम्मा रु.५,००,०००।- रकमान्तर गरि सोही वडाको सडक ग्राभेलमा खर्च गर्ने ।
- वडा नं. ९ विश्व शान्ति चोक देखी केउलानी जोडने सडक कालोपत्रेमा विनियोजित रकम रु.५,५०,०००।-मध्ये रु.३,५०,०००।- टिका भवन देखि दक्षिण शालिकग्राम बाटोको बायाँतर्फ नाली निर्माणमा ५०:५० मा काम गर्ने ।
- नगरस्तरीय शौचालय शिर्षकमा विनियोजित रकम रु.१५,००,०००।- बाट रु.३,५०,००।-को लागतमा वडा नं. १७ को मन्दिर र हाटवजारको लागि हुने गरि सार्वजनिक शौचालय निर्माण गर्ने र रु.६,३५,३९०.४२।-को वडा नं.३ मा रहेको समावेशी पथको उत्तर तर्फ पुरानो स्मृति वोडिङ्ग पछाडिको १६ मौंजाको किनारमा बन्न लागेको बाटोको पुर्वाधार विकास, विद्युत पोल र सडक कालोपत्रेमा लागि रकमान्तर गर्ने ।
- वडा नं.११ भुल्का पुतला तथा कृष्ण दलामीको घर नजिक घोलामा कल्भर्ट निर्माणको लागि रु २,५०,०००। विनियोजित रकमको रकमान्तर गरी उक्त वडाको लागि ह्युम पाईप खरिद गर्ने ।



०७५-०२-२१

- वडा नं. ११ को वडा कार्यालय निर्माणको लागि विनियोजित रकमलाई जलासययुक्त वडा कार्यालयको रुपमा उपयुक्त प्रविधिको अवलम्वन गरी निर्माण गर्नको लागि प्रस्ताव गरिएको मद्रहानी तालको पूर्वाधार निर्माणमा खर्च गर्ने निर्णय गरियो ।

**ख) बजेट सम्बन्धमा**

- यस आ.व.को लागि चालु खर्च तर्फ तपसिल बमोजिमको खर्च शीर्षकहरुमा विनियोजन गरेको बजेटलाई निम्नानुसार थपघट गरियो ।

तपसिल

| क्र.सं. | खर्च शीर्षक | अनुमानित बजेट | घटेको रकम | शशोधित बजेट | बजेट श्रोत |
|---|---|---|---|---|---|
| १ | अन्य भत्ता | १,७५,००,०००। | २२,००,०००। | १,५३,००,०००। | आन्तरिक चालु |
| २ | तलब कर्मचारी | १,७९,००,०००। | ५०,००,०००। | १,२९,००,०००। | आन्तरिक चालु |
| | जम्मा | | ७२,००,०००। | | |

- आ.व. २०७४।०७५ का लागि पदाधिकारी सुविधा शिर्षकमा विनियोजन गरिएको शंशोधित बजेट रकमले प्रदेश सभा बैठकबाट स्वीकृत भए अनुसार पदाधिकारी सुविधा भुक्तानीमा नपुग हुने देखिएकोले चालुखर्च तर्फ अन्य भत्ता र तलब कर्मचारी शीर्षकबाट रकमान्तर गरी आएको बजेट रु. ७२,००,०००। थप गरी पदाधिकारी सुविधा रु. १३२०००००। कायम गर्ने निर्णय गरियो।
- चालु आ.व. ०७४।०७५ मा बजेट शीर्षक ७.१. ख. अन्य खरिद तर्फ जेनेरेटर खरिद शीर्षकमा विनियोजन भएको रकम बाट खर्च भई बचत भएको रकम मध्येवाट रु. १०५०००। लाई रकमान्तर गरी सवारी साधन शीर्षकमा बजेट कार्यान्वयन गर्ने निर्णय गरीयो ।
- चालु आ.व. ०७४।०७५ मा पुजिगत खर्च तर्फ बजेट शीर्षक ७.७.८ सामुदायिक विद्यालय सुधार कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमले नपुग हुने देखिएकोले बजेट नं. ७.१.ग.१२ नगर खेलकुद विकास कोषमा विनियोजन भएको रकम मध्येवाट रु.८५००००। रकमान्तर गरी सामुदायिक विद्यालय सुधार कार्यक्रम शीर्षकमा बजेट थप गरी रु. २४,५०,०००। बजेट कायम गर्ने निर्णय गरीयो ।
- जनसेवा क्लब देखि प्यारामाउण्ट स्कूल जाने सडक अत्यन्त जिर्ण भएकोले यसै आ.व. मा मर्मत गर्नु पर्ने देखिएकोले मर्मत संभार विषेशकोषमा रहेको मौज्दात रकम मध्येवाट रु. १५००००। रकम योजनामा बजेट कार्यान्वयन गर्ने निर्णय गरीयो ।
- नगर प्रमुख राहतकोषमा हाल सम्मको आम्दानी रु. ५९४८५८।९२ र खर्च रु. ४५३५००।४५ भएकोले उक्त कोषको आम्दानी तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

०७५-०२-२१